धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७४

**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ०४ मितिः २०८१/०८/२१

## भाग २

## धवलागिरी गाउँपालिका

### गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

## धवलागिरी गाउँपालिकाको

### घुम्ती गोठ सुधार तथा निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधिः २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०८/२१
राजपत्रमा प्रकाशित मितिः २०८१/०९/०४

# घुम्ती गोठ सुधार तथा निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधिः- २०८१

धवलागिरी गाँउपालिका पशुपालनको लागि अति उपयुक्त स्थान मानिन्छ। यहाँका अधिकांश जनता कृषक रहेको र पशुपालन व्यवसाय गर्दै आएकोले गाईभैंसी तथा भेडा बाखा पालन गरी दुध,घ्यु मासुजन्य पदार्थ उत्पादन गर्ने उद्देश्य र नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट पशुपंक्षी उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गरी निर्यात प्रवर्दन गर्दै आत्मनिर्भरता हासिल गर्ने हेतुले प्रदेश तथा स्थानीय तहहरुमा वित्तीय हस्तान्तरित कार्यक्रमलाई व्यवस्थित पारदर्शी, प्रभावकारी गराई धवलागिरी गाउँपालिकाको उच्च पहाडी भेगमा अवस्थित चरन खर्कहरुको अधिकतम उपयोग गर्ने उद्देश्यकासाथ घुम्ती गोठ प्रणाली द्वारा पालिदै आएका पशुपालन व्यवसायलाई थप प्रभावकारी ढंगले संचालन गर्न घुम्ती गोठ निर्माणका लागि अनुदानको माध्यमबाट धवलागिरी गाउँपालिकालाई दुध, मासु र ऊनको लागि आत्मनिर्भर बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धवलागिरी गाउँपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम घुम्ती गोठ सुधार तथा निर्माण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. कार्यक्रम भन्नाले घुम्ती गोठ सुधार तथा निर्माण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ बमोजिम लक्षित वर्गको लागि संचालित कार्यक्रम सम्झनु पर्छ

२. कार्यपालिका भन्नाले धवलागिरी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

३. अध्यक्ष भन्नाले धवलागिरी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

४. उपाध्यक्ष भन्नाले धवलागिरी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

५ प्रमुख प्रशासकीय अधिकृत भन्नाले धवलागिरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

६. लक्षित वर्ग भन्नाले उच्च भेगमा पशुपालन पालन गरी दुग्ध तथा मासुजन्य व्यवसायमा संलग्न कृषक समूह, सहकारी , उद्योगी, फर्म तथा कृषकहरुलाई सम्झनु पर्दछ ।

७. गाउँपालिका भन्नाले धवलागिरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

८. बैंक भन्नाले राष्ट्र बैंकवाट मान्यता प्राप्त कम्तिमा ख वर्गको बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

९. साझेदारी अनुदान रकम भन्नाले घुम्ती गोठ निर्माणका लागि आवश्यक सामाग्री जस्तै जस्ता, किलाकाँटी, ट्रस पाईप, सिमेन्ट, बालुवा, गिटी, ढुङ्गा खरिद तथा ढुवानी आदिको लागि प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

१० अनुग्राही भन्नाले यस कार्यविधि वमोजिम छनौट भएका कृषक कृषि उद्यमी, कृषक समूह, कृषि संवन्धी सहकारी, समिति, समुह, व्यवसायी सम्झनु पर्दछ ।

११. कृषि भन्नाले पशुपंक्षी पालन, माछापालन, तरकारी तथा फलफूल, खाद्यान्नवाली समेतलाई सम्झनु पर्दछ ।

१२. कृषि सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने नश्ल, माछाका भुरा ,औषधी, खोप, हर्मोन, दाना आहार, कृषि औजार उपकरण, डेरी सामाग्री आदीलाई सम्झनु पर्दछ ।

१३. यस गाउँपालिकाको अनुदान भन्नाले घुम्ती गोठ सुधार निर्माण कार्यक्रम संचालनको लागि गाउँ कार्यापालिकावाट स्वीकृत बजेटवाट प्राप्त अनुदानलाई सम्झनु पर्दछ ।

१४. उन्नत गाई भन्नाले कम्तिमा दैनिक १५ लि. भन्दा वढी दुध दिने गाईलाई सम्झनु पर्दछ । भैसीको हकमा उन्नत जातको दैनिक १० लि. भन्दा बढी दुध दिने भैसीलाई सम्झनु पर्दछ ।

१५. समूह भन्नाले कम्तिमा १० देखि वढीमा २५ जनाको कृषक समूहलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

## परिच्छेद २

### ३. उद्देश्य

३.१. गाईभैंसी तथा भेडाबाख्रा पालनको माध्यमबाट रोजगारी सिर्जना गरी धवलागिरी, गाउँपलिकालाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन कृषक, कृषक समूह समिति र सहकारी मार्फत कार्यक्रम संचालन गरिने र स्थानीय पशुको स्रोत केन्द्र स्थापना गराउने।

३.२. सामुदायिक वन, चरनक्षेत्र तथा निजि बाँझो उत्पादनहिन जमिनलाई चरन क्षेत्रको रुपमा प्रयोगमा ल्याई कृषकको जीवनस्तरमा सुधार गरी आर्थिक विकासमा टेवा पुर्याउने ।

३.३. दुध र मासुको केन्द्रको स्थापना गरी ग्रामीण क्षेत्रमा उत्पादित मासु तथा दुधजन्य पदार्थलाई बजारको सुनिश्चितता तथा शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा नगद प्रवाह वृद्धि गर्ने ।

३.४. परापूर्व कालदेखि पालिँदै आएका स्थानीय रैथाने जातका चौपायहरुको संरक्षण गर्ने ।

३.५. क्रमिक रुपमा समूह सहकारी मार्फत कार्यक्रम संचालन गर्ने ।

### ४. अपेक्षित उपलब्धी तथा प्रतिफल

४.१. उच्च भेगका खर्कहरुमा घुम्ती गोठको माध्यमबाट पशुपालन व्यवसायलई थप प्रोत्साहित गरी पशुपालनमा वृद्दी भएको हुनेछ ।

४.२.गाउँपालिका भित्र आवश्यकता अनुसार पशु संकलन केन्द्र स्थापना गरी दैनिक रुपमा भेडा बाख्रा तथा खसी, बोका निकासी गरी आम्दानी गरेको हुनेछ ।

४.३. ५ वर्ष भित्रमा व्यवसायिक पशुपालक कृषकको संख्यामा ३०% ले वृद्दि भएको हुनेछ।

४.४ क्रमिक रुपमा चरन खर्क सुधारका लागि उच्च चरन क्षेत्रकालागिं उपयुक्त खालका घाँस विकास गरिएको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# परिच्छेद ३

## व्यवस्थापकीय पक्ष

### ५. कार्यक्रम संचालन प्रक्रिया

क. यस कार्यक्रममा कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्महरु सहभागी हुनेछन । कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुलाई नयाँ समूह समिति गठन गरी कार्यक्रममा आवद्ध गराइने छ । तर यस कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुले अनिवार्य रुपमा पशुपालन व्यवसाय संचालन गरेको हुनुपर्ने छ ।

ख. "घुम्ती गोठ सुधार तथा निर्माण कार्यान्वयन कार्यविधि २०८१" अन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम संचालनका लागि धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम संचालन गर्नको लागि प्रथम पटक कम्तीमा १५ दिनको दोस्रो पटक ७ दिन म्याद दिई अनुसूची १ बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्ने छ । दोस्रो पटकको सूचना प्रकाशित हुदा पनि प्रस्तावना पेश नभएमा कार्यक्रम हेरफेर गर्न सकिने छ ।

ग. यो कार्यक्रम संचालन धवलागिरी गाउँपालिका अन्तर्गतका चरन खर्कहरुमा प्राथमिकताका आधारमा घुम्ती गोठ निर्माणका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरु जस्तै जस्ता-पाता, सिमेन्ट, ढुङ्गा, गिटी, वालुवा, ट्रस, पाइप, किल्ला-काटी, ढुवानी तथा कामदारको ज्याला आदी कार्यका लागि २५ प्रतिशत लागत साझेदारीमा संचालन हुने छ ।

घ. कार्यक्रममा सहभागी हुन चाहाने आवेदकहरुले अनुसूची २ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची ३ बमोजिमको निवेदन, अनुसूची ४ बमोजिमको आवश्यक कागजात संलग्न राखी निर्धारित समय भित्र वडा कार्यालय वा गाँउपालिकाको कार्यलयमा प्रस्ताव पेश गर्नुपर्ने छ ।

ङ. सम्वन्धित कार्यालयले प्राप्त प्रस्तावहरु अनुसूची ५ बमोजिम मुल्याङकन र प्राथमिकीकरण गरी स्वीकृतिका लागि सिफारिस तथा निर्णय गर्नेछ ।

च. सम्वन्धित कार्यालयले प्रस्तावना छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७४

छ. स्वीकृत प्रस्तावका आवेदकहरुसँग सम्बन्धित कार्यालयले अनुसूची ६ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम संचालन गरिने छ ।

ज. अनुगमन र प्रशासनिक कार्यमा विनियोजित रकमको बढिमा १० प्रतिशत मात्र खर्च गर्न सकिने छ ।

झ. कार्यक्रम संचालनको लागि छनौट भएका कृषकहरुले अनिवार्य रुपमा पशुपालन गरेको हुनुपर्ने छ, यदि पशुपालन व्यवसाय संचालन नगरेको कृषक तथा समूह सहकारी बाट प्रस्ताव पेश भएको पाइएमा गाउँपालिकाबाट दिने सेवा सुविधा उपलब्ध गराउन सकिने छैन

ङ. एकै आर्थिक वर्षमा कृषकहरुलाई एकै शीर्षकमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराइने छैन ।

## ६ कार्यक्रम कार्यान्वयन एवं अनुगमन समिति

कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ अनुसार घुम्ती गोठ सुधार तथा निर्माण कार्यक्रम संचालन गर्नको लागि तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति रहने छ ।

१. कार्यक्रम कार्यान्वयन समितिः

| | |
|---|---|
| संयोजक | आर्थिक विकास समिति संयोजक |
| सदस्य | लेखा शाखा प्रमुख |
| सदस्य | कृषि शाखा प्रमुख |
| सदस्य | सहकारी शाखा प्रमुख |
| सदस्य सचिव | पशु सेवा शाखा प्रमुख |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२. अनुगमन समितिः

क. वडा स्तरीय अमुगमन समिति ।

ख. पालिकास्तरीय अनुगमन समिति (दुवै समितिले अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ) ।

७ रकम भुक्तानी प्रक्रियाः

अनुदानग्राहीहरुले मापदण्ड अननुसारको कार्यक्रम सम्पन्न गरिसकेपछि भुक्तानीको लागि प्रचलित कानून अनुसारका बिल भरपाई संलग्न राखि सम्बन्धित वडा कार्यलयको सिफारिस र अनुगमन समितिले सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भई अनुमोदन गरिसकेपछि भुक्तानीको लागि सिफारिस गरे पश्चात मात्र भुक्तानी दिइने छ ।

८. गुनासो व्यवस्थापन

अनुदान सम्वन्धी कुनै गुनासो भएमा सम्वन्धित कार्यालयमा निवेदन दिन सकिने छ । त्यस्तो गुनासोको व्यवस्थापन अनुगमन समितिबाट गरिने छ ।

९. दोहोरो सुविधा लिन नपाउने ।

संघ, प्रदेश र स्थानीय तह तथा गैरसरकारी संस्था अन्तर्गत संचालित कार्यक्रममा अनुदान प्राप्त गरेका लाभ ग्राहीलाई एकै प्रकृतिको कामको लागि यस कार्यविधि अन्तर्गत संचालीत कार्यक्रम बाट एक आ.व.मा एक भन्दा वढि निकायवाट अनुदान उपलब्ध गराइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

धवलागिरी गाउँपालिका
कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# अनुसूची १

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति ...............

यस कार्यालयको आ.व. .................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/फर्म उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ............औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुना, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७४

# अनुसूची: २

संक्षिप्त कार्य योजना:

१ आवेदकको विवरण:
आवेदकको नाम-
ठेगाना-
सम्पर्क व्यक्तिको नाम -
ठेगाना -
सम्पर्क नम्बर -
दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति-

२. हालको व्यावसायिक संलग्नता
हाल संलग्न व्यवसायको नाम

सञ्चालित क्रियाकलापहरु
१
२
३
४
५
६
७

मुख्य उत्पादन र कारोवार विवरण:
हाल उत्पादन गरिएका बस्तुहरु:
बार्षिक परिमाण र कारोवार रकम:

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

व्यवसायबाट सिर्जित रोजगारी संख्याः

प्रस्तावित व्यावसायको विवरणः

सञ्चालन गरिने व्यवसायः

सञ्चान गरिने क्रियाकलापहरुः

प्रस्तावित क्रियाकलापहरुः

इकाईः

परिमाणः

दरः

कुल लागतः

लागत साझेदारी विवरणः

आवेदकले व्यहोर्ने रकम रुः

अनुदान रकम रुः

जम्माः

४. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

घ.

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

# अनुसुची ०३

( निवेदनको ढाँचा)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
धवलागिरी गाउँपालिका,
मुना, म्याग्दी ।

विषयः प्रस्ताव पेश गरिएको बारे।

धवलागिरी गाउँपालिकाको मिति ........................को सूचना अनुसार घुम्ती गोठ सुधार तथा निर्माण कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव आव्हान् गरिएको हुँदा यसै धवलागिरी गाउँपालिका वडा न. ..... मा सञ्चालित ........................................................... फर्म/कृषक/कृषक समूह/सहकारीलाई उक्त कार्यक्रममा समावेश गरिदिनुहुन विनम्र अनुरोधका साथ कार्यक्रम सञ्चालन-गर्न इच्छुक भई प्रस्तावित कार्य योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सञ्चालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

निवेदकः

दस्तखतः

नामः

ठेगानाः

# अनुसूची - ४

आवश्यक कागजातहरुको सूचीः

१. अनुसूची २ अनुरुपको संक्षिप्त कार्ययोजना ।
२. अनुसूची ३ बमोजिमको निवेदन ।
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
४. कृषक/पशुपालकहरु सामुहिक रुपमा वैठक वसि उपयुक्त स्थान छनौट गरिएको सहमतिपत्र ।
५. कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात ।
६. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चानल गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि ।
७. संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
८. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि ।
९. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि।
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली।
११. एकै प्रकृतिको कार्यका लागि विगत तिन वर्ष यता अनुदान नलिएको स्व घोषणा पत्र ।
१२. कार्यक्रम सञ्चालन गर्ने प्रदेश र स्थानीय तहहरुको आवश्यकता मुताविकका अन्य कागजातहरु ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# अनुसूची - ५

## प्रस्ताव मूल्याङ्कन फाराम

क्र.स. विवरण अङ्कभार

१ आवश्यक कागजातहरुको संलग्नता-६

२ लक्षित वर्ग, क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता-१२

३ प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता-१०

४ कार्ययोजना प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल-१५

५ कार्ययोजनामा लागत साझेदारीको आँकलन-७

जम्मा -५०

नोट कार्यक्रम कार्यान्वयन कार्यदलले आवश्यकता मुताविक प्रस्ताव छनौटका आधार र अङ्कभार निर्धारण गर्न सक्नेछ । यसो गर्दा आयोजना/कार्यक्रममा लागत साझेदारी बढी भएका प्रस्तावलाई विशेष ग्राहयता दिनुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

# अनुसूची ६

## द्विपक्षीय सम्झौताः

आर्थिक वर्ष ...................... को विनियोजन रकम मार्फत प्राप्त अनुदानमा ...................... कार्यक्रम सञ्चालन गर्न ..............................(यस पछि प्रथम पक्ष भनिने) र ................................ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं ।

तपशिलः

१. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रम सञ्चालनका लागि रु......................) को मूल्यको ..... % वा बढीमा रु.......... (अक्षरुपी –......... रुपैयाँ मात्र )(नियामानुसारको कर कट्टा गरी) दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउने छ।

२. दोस्रो पक्षले म्याग्दी जिल्ला धवलागिरी गाउँपालिका वडा नं ....... को ........स्थानमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३.दोस्रो पक्षले प्रथम पक्ष समक्ष गरेको स्वीकृत संक्षिप्त कार्ययोजना मुताविकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्डको अधिनमा रही सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इष्टिमेट, सुपरभिजन, बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदी दोस्रो पक्षले गर्ने छ ।

५. दोस्रो पक्षले नियमानुसारको बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात वडा समिति र प्राविधिको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैंक खाता मार्फत वढीमा दुई किस्ता वा कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

६. प्रथम पक्षले कुनै पनि वखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

७. दोस्रो पक्षबाट अनुदानको रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा संम्झौता भङग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न सक्ने छ ।

८. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्षको तफर्मबाट**

हस्ताक्षर
नामः
पदः
संस्थाको नामः
संस्थाको छापः

रोहबर
हस्ताक्षर
नाम
पदः

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षर
नामः
पदः
कार्यालयको नामः
कार्यालयको छापः

रोहबर
हस्ताक्षर
नामः
पदः

इति सम्वत......................साल..........महिना..........गते रोज शुभम् ।

आज्ञाले
मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष